नेपाल सरकार
खानेपानी मन्त्रालय
सिंहदरबार

# प्रेस विज्ञप्ति

मिति २०७८।११।७ गते शनिवारका दिन खानेपानी मन्त्रालयका श्रीमान् सचिवज्यू मेलम्ची खानेपानी आयोजनाको स्थलगत अध्ययन अनुगमनमा जानुभयो। अस्थायी संरचनामार्फत पथान्तरण गरी मेलम्चीको पानी काठमाण्डौ उपत्यकामा पुर्नसञ्चालन/पुर्नवितरण गर्ने अभियानमा यस मन्त्रालय नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृत "मेलम्ची खानेपानी आयोजनाको पुनःनिर्माण कार्ययोजना" अनुसार ९० दिने कार्य योजना तयार गरी सोही बमोजिम कार्य अघि बढिरहेको छ।

मेलम्ची खानेपानी आयोजना स्थलमा गत आषाढ १ गते र त्यसपछि पटक पटक आएको बाढीबाट क्षतिग्रस्त तथा पुरिएका संरचनाहरू वैकल्पिक पथान्तरण योजना ( **Alternative Diversion Scheme**) अनुसार नदीको पानी प्रवेश गराउने द्वार नं. १ **(Gate no. 1)**, पानी वहाव नियन्त्रण द्वार नं. ९ ( **Flow Regulatory Gate-Gate no. 9)** र अम्बाथान स्थित सुरूङको अडिट पोर्टल **(Tunnel Audit Portal)** गरी तीन स्थानमा जम्मा भएको नदीजन्य सामाग्री उत्खनन गरी संचरना सुचारु गर्ने हिसावले उत्खननको दैनिक तालिका वमोजिम कार्य भैरहेको छ। आयोजनामा कार्यरत निर्माण व्यवसायी सिनो हाइड्रो कम्पनीका प्रतिनिधि, परामर्शदाताका **Deputy Team Leader**, आयोजनाका साईट इन्जिनियहरु समेतलाई द्रुत गतिमा परिचालन गराई ८/१० दिनभित्र पुरिएका संरचनाहरुबाट नदीजन्य भग्नावशेष हटाउन निर्देशन दिनुभयो। पुरिएका संरचनामा थुप्रिएका ठुला-ठुला चट्टानहरु फोर्ने र हटाउने प्रक्रियामा नेपाली सेनाको टोली परिचालन भई **Compressor Machine** को प्रयोगद्वारा काम भइरहेको छ। उत्खननको काम सँगसँगै हाइड्रो मेकानिकल तर्फको क्षतिग्रस्त उपकरणहरुको आवश्यकतानुसार मर्मत सम्भार गरी पथान्तरणको कार्य निर्धारित समयभित्र पुरा गर्न मेलम्ची खानेपानी आयोजनालाई थप सहजिकरणका लागि सडक विभाग, सिँचाई विभाग र नेपाली सेनाका उच्च पदस्थ अधिकारीहरुसँग समन्वय भैसकेको छ।

अनुगमनका क्रममा देखा परेका समस्या र उपलब्ध जनशक्तिको समिक्षा गर्दै कार्ययोजना वमोजिमको काम अवरुद्ध हुन नदिन आयोजना निर्देशक, आयोजना उपनिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक, साइटका बरिष्ट ईन्जिनियर र निर्माण व्यवसायी कम्पनीका **Project Manager** र परामर्शदाताको तर्फबाट **Deputy Team Leader** सँग स्थलगत रुपमा नै सचिवज्यूले छलफल गर्नु भएको छ। अस्थायी पथान्तरणका लागि करिव २ लाख घनमिटर गेग्रान खन्ने लक्ष्य लिएकोमा हालसम्म करिव ६५ हजार घनमिटर खन्ने काम सम्पन्न भई सोको व्यवस्थापन समेत भइसकेको छ। जस अनुसार हालसम्म पुनर्स्थापन कार्यको करिव ३३ प्रतिशत भौतिक प्रगति हासिल भइसकेको छ। बाँकी कार्य पनि निर्धारित समयभित्र सम्पन्न गर्न सबै सरोकारवाला, स्थानीयहरूको सदा झैं सहयोग हुने अपेक्षा खानेपानी मन्त्रालयले गरेको छ।

..........................................
(ज्ञान प्रसाद ढकाल)
सहसचिव/प्रवक्ता

मिति:-२०७८।११।०८